# लेखापरीक्षण प्रतिवेदन

## गल्छी गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गल्छी गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/415

श्रीमान् अध्यक्षज्यू,

गल्छी गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, धादिङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष२०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/415

श्रीमान् अध्यक्षज्यू ,

गल्छी गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, धादिङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**१. कैफियत सहितको राय:**

हामीले त्यस गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधार:**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ४९ करोड ६४ लाख ८० हजारको लेखापरीक्षणबाट रु.२ करोड ९४ लाख ४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ४ लाख ६० हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. १ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ५६ लाख ६ हजार, नियमित गर्नुपर्ने रु. ८० लाख ६७ हजार र पेश्की बाँकी रु. ५० लाख ९८ हजार गरी जम्मा रु. २ करोड ८९ लाख ४४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. १८ करोड ६७ लाख १ हजार मध्ये रु. ७० लाख २० हजार सम्परीक्षण भई यसवर्षको थप रु. २ करोड ८९ लाख ४४ हजार समेतहालसम्म अद्यावधिक बेरुजु रु. २० करोड ८६ लाख २५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा:**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वियन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी:**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी:**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५४ | २२ | २,९४,०४,०४८ | ० | १ | ४,५९,७८० | ० | ५४ | २१ | २,८९,४४,२६८ | १,७२,४४५ | ८०,६७,३४२ | १,५६,०६,४४७ | ० | ० | २,३६,७३,७८९ | ५०,९८,०३४ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | १८६७००८४९ | 0 | ७०,२०,३३८ | १७९६८०५११ | 0 | २,८९,४४,२६८ | २०८६२४७७९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | १६ | वढी भुक्तानी | ४,५९,७८० |
| २ | २०८०/८१ | ५६.१,५६.२ | सामुदायिक विद्यालयका शिक्षकहरुलाई तलब भत्ता निकासा सम्बन्धमा - | २४,२४३ |
| ३ | २०७९/८० | ३८ | शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम | ५२,००,००० |
| ४ | २०७९/८० | ३७ | प्रमाण नभएको | १७,६०,००० |
| ५ | २०७७/७८ | ५० | प्रोत्साहन भत्ता | ३६,०९५ |
| जम्मा | | | | ७४,८०,११८ |

# गल्छी गाउँपालिका, धादिङ

# ( ८०३३०५०४३०० )

# गल्छी गाउँपालिका , धादिङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गल्छी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १२९.०८ वर्ग किलोमिटर क्षेत्रफल तथा २४२८३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।४ देखि २०८२।८।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु १ अर्व ४९ करोड ६४ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तिय विवरण**

२.१ आर्थिक कारोबारको एकीकृत विवरण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | ४७५८७११७.३५ | चालु खर्च | | ३३०२६६२८७.३ |
| १.संचित कोष | १५३६०७०४.८५ | | १. पालिका तर्फ | १५८५८६०८५.३ | |
| २.धरौटी | १६२५५५३५.९२ | | २. संघीय सशर्त | १६७७७८३३१.५ | |
| ३.विविध खर्च खाता | २६७३५८० | | | | |
| ४.प्रकोप व्यवस्थापन कोष | ४०२३६५१.१८ | | ३. संघीय विशेष | ० | |
| ५.विभाज्य कोष खाता | ६६०००६५.४ | | | | |
| ६. विविध कोष खाता | २६७३५८० | | ४. प्रदेश सशर्त | ३९०१८७०.५ | |
| यस वर्षको आय | | ८४५३८५३१.१५ | ५. प्रदेश विशेष | ० | |
| १.आन्तरिक आय | ३०३४५८८२.१५ | | पुँजीगत खर्च | | १८१५६२९८४ |
| २. स्थानीय राजश्व बाँडफाड | ५४१९२६४९ | | | | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | | १. पालिका तर्फ | १३२९७१५६० | |
| क) समानीकरण अनुदान | १२४३३४८०० | ४२६९४१६२६.२ | २. संघीय सशर्त | १६६३३१८६.७९ | |
| ख) राजस्व बाँडफाँट | ९०३९७६४०.२३ | | ३. संघीय विशेष | ० | |
| ग) सशर्त अनुदान | २०४४३६५०० | | ४. संघीय समपुरक | ७६२६२९७ | |
| घ) समपुरक अनुदान | ७७७२६८६ | | ५. प्रदेश सशर्त | ४५४८२४१.१४ | |
| ङ) विशेष अनुदान | ० | | ६. प्रदेश विशेष | ४८५२४१३.३८ | |
| च) रोयल्टी | ० | | ७. प्रदेश समपुरक | १४९३१२८५ | |
| | | | अन्तर सरकारी अख्तियारी (संघ) | | १८१६२१६०० |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ६५२३५७७९.१८ | क) सामाजिक सुरक्षा | १२०२७३६००. | |
| क) समानीकरण अनुदान | १४२८९००० | | ख) स्वास्थ्य सुधार क्षेत्र कार्यक्रम | १६२०००० | |
| ख) राजस्व बाँडफाँट | १७२१६७७९.१८ | | ग.एकीकृत स्वास्थ्यपुवाधार विकास | ५७२८००० | |
| ग) सशर्त अनुदान | १३४८०००० | | घ.प्रशासकिय भवनपुर्वाधार विकास कार्यक्रम | ५४००००० | |
| घ) समपुरक अनुदान | १५०००००० | | ऋण फिर्ता(साँवा) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) विशेष अनुदान | ५२५०००० | | ऋणको ब्याज भुक्तानी | | |
| च) रोयल्टी | ० | | धरौटी फिर्ता तथा सदरस्याहा | १५००५१६. | १५००५१६. |
| छ)राजश्व | | | कार्यसञ्चालन कोषबाटभएको खर्च | ४०८१३९९ | ४०८१३९९. |
| ४. अन्तर सरकारीअख्तियारी (संघ) | | १८१६२१६०० | अन्य कोषबाट भएको खर्च | ० | |
| क) सामाजिक सुरक्षा | १२०२७३६०० | | गैरसरकारी संस्थाबाटसञ्चालित योजना | | |
| ख) स्वास्थ्य सुधार क्षेत्र कार्यक्रम | १६२०००० | | अन्य सहयोगमा सञ्चालितयोजना | | |
| ग.एकीकृत स्वास्थ्य पुवाधार विकास | ५७२८००० | | | | |
| घ.प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम | ५४०००००० | | अन्य खर्च भएमा | | |
| ५. अन्तरसरकारी अख्तियारी (प्रदेश) | ० | | अनुदान फिर्ता | | |
| ६. ऋण/ वित्तीय व्यवस्था | ० | | १. संघ तर्फ | | २०१७१३७०.६३ |
| ७. धरौटीआय | ९३६०९३२.०९ | ९३६०९३२.०९ | क) सशर्त अनुदान | २००२४९८१.६३ | |
| ८. कार्यसञ्चालन कोष आय | ४०८१३९९.०० | ४०८१३९९.०० | ख) विशेष अनुदान | ० | |
| ९. अन्यकोषको आय | | | ग) समपुरक अनुदान | १४६३८९. | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | २. प्रदेश तर्फ | | ५४९६१८९.९८ |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालितयोजना | | | क) सशर्त अनुदान | ५०२९८८८.३६ | |
| १२. अन्यआय भएमा | | | ख) विशेष अनुदान | ३९७५८६.६२ | |
| | | | ग) समपुरक अनुदान | ६८७१५. | |
| | | | अन्तिम मौज्दात | | ९४६६६६३८.१७ |
| | | | १. संचित कोषको मौज्दात | ५२४७७०२५.५७ | |
| | | | २. धरौटी | २४११०९५२.०१ | |
| | | | ३. विविध खर्च खाता | ११३८१४२९.४१ | |
| | | | ४.प्रकोप व्यवस्थापन कोष | ४०२३६५१.१८ | |
| | | | ५. विविध कोष | २६७३५८० | |
| | | | | | |

| जम्मा | | ८१९३६६९८५.०० | जम्मा | | ८१९३६६९८५ |
|---|---|---|---|---|---|

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२०२७३६००.०० एकीकृत स्वास्थ्य सुधार कार्यक्रम रु १६२००००.००, एकीकृत स्वास्थ्य पुवाधार विकास ५७२८०००.०० र प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम रु ५४००००००.०० गरी रु १८१६२१६००।०० मलेप फा नं २७० मा समावेश गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण २७० समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको शुरु मौज्दातमा २५४६०६०.४ प्राप्ति रु. २२२८७१४५१.१ यस वर्षको भुक्तानी रु २१२८७१०७५.९ र अन्तिम मौज्दातमा रु ६५७३४४५.०फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत आ.व.को नगद तथा बैंक मौज्दात | यसवर्षको कुल जम्मा प्राप्ति | यसवर्षको कुल जम्मा भुक्तानी | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०) | ४,५०,४१,०५६.९५ | ५४,८८,९८,४१६.६० | ५१,१८,२९,२७०.९२ | १,९१,२९,८८०.५० | १०,१२,४०,०८३.१३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४७५८७११७.३५ | ७७१७६९८६७।६५ | ७२४७००३४६.८३ | ० | **९४६६६६३८.१७** |
| फरक | २५४६०६०.४ | २२२८७१४५१.१ | २१२८७१०७५.९ | | ६५७३४४५.० |

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेकोले वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात रु 1149380.03वढी देखिएकोले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| संचित कोषको मौज्दात | **५२४७७०२५।५७** | ४९५६०३०३।५८ | |
| धरौटी | २४११०९५२।०१ | २४११०९५२।०१ | |
| विविध खर्च खाता | **११३८१४२९।४१** | ११३८१४२९।४१ | |
| प्रकोप व्यवस्थापन कोष | ४०२३६५१।१८ | ४०२३६५१।१८ | |
| विविध कोष | २६७३५८० | २६७३५८० | |
| आन्तरीक आय | | २६९२८७२।०२ | |
| विभाज्यकोष | | १३७३२३० | |
| जम्मा | ९४६६६६३८।१७ | ९५८१६०१८।२ | ११४९३८०।०३ |

२.५ **विभाज्य कोषको रकम –** प्रदेश आर्थिक ऐन २०८१ वमोजिम विज्ञापन कर र दहत्तर वहत्तर शुल्क स्थानीय विभाज्यकोषमा जम्मा भएको रकम वाँडफाँड गरी ६० प्रतिशत स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने ब्यवस्था छ । पालिकाको वर्षान्तसम्म विभाज्य कोषमा नियमानुसार वाँडफाड नगरी मौज्दात नराखेको पाईएकोले ऐनको ब्यबस्था वमोजिम मु अकर रु ७५८९२६।१९ संघीय सञ्चितकोषमा र ४० प्रतिशतले प्रदेश सञ्चित कोषमा रु २३३५११५७। ५२ गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| शीर्षक | बाँडफाँड हुन बाँकी रकम |
|---|---|
| विज्ञापनकर | ४१,२३०.०० |
| दहत्तर बहत्तर शुल्क | ६५,५५,५९०.०० |
| जम्मा | ६५९६८२०।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,९४,०८३.७१ |

२.६ खर्च बिश्लेषण-पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ८४५३८५३१.१५राजस्व बाँडफाँड र अनुदानबाट रु४९२१७७४०५। ३८ समेत रु ५७६७१५९३६।५३ आम्दानी भएकोमा चालु तर्फ रु ३३०२६६२८७.३ र पूँजिगत तर्फ रु १८१५६२९८४ समेत रु ५११८२९२७१।३० भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १६.५१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५०४६००० खर्च भएको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालुखर्च प्रतिशत ५७.७२ र ३१.४८प्रतिशत पूँजिगत निर्माणमा खर्च .भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माणमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ ।आन्तरिक आयको स्रोत खोजि प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- मेनुअल अमानतवाट उठाइएको आयको नगदी रसिद अनुसार दैनिक आय संकलन अभिलेख खाता र दैनिक वैक दाखिला विवरण तयार गरेको देखिएन ।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू १ करोड ११ लाख ७१ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको कार्यको सुशासन ऐन वमोजिम वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार भएको तर कर्यन्वय वँकी स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन ।
- सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद नियमावली तयार गरेको पाईएन ।
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्बढ वनाउनु पर्ने देखिन्छ ।

## ४ सहकारी नियमन

सहकारी नियमावली, २०७६ को नियम ५(१)कार्यक्षेत्र एउटै स्थानीय तहमा मात्र हुने सहकारी संस्थाले सो स्थानीय तहमा दर्ता गराउनुपर्ने , १०(१) ले प्रत्येक सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको अन्त्य भएको ३ महिनाभित्र सम्बन्धित दर्ता गर्ने निकायमा नविकरणका लागि वार्षिक साधारणसभाले स्वीकृत आर्थिक विवरण र प्रतिवेदन लेखा परीक्षण (Audit) रिपोर्ट कार्यसमिति/सदस्य विवरण संस्थाको अद्यावधिक सदस्य संख्या राखी निवेदन दिनुपर्ने ब्यबस्था छ।त्यस्तै सोहि नियमावलिको नियम ५९(१)दर्ता गर्ने निकायले आफ्नो क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरूको कार्य सञ्चालन, लेखा–परीक्षण, वित्तीय अवस्था र कानूनी पालनको अनुगमन गर्नुपर्ने उल्लेख छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २५ वटा सहकारी संस्थाहरु दर्ता भएका मध्ये २० वटा नविकरण भएका,१५ वटा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दर्ता भएका र ११वटा सहकारी नविकरण भएको विवरण पेश भएको देखिएको छ । सहकारी सञ्चालनको संक्षिप्त अवस्था देहाय वमोजिम देखिएकोमा अनुगमन पश्चात वित्तीय अवस्था वारे विश्लेषण गरि प्रतिवेदन गरेको देखिएन ।

| स्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष | सञ्चालन अवस्था |
|---|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | २ | ५६७० | ६८४५८४२८ | ३०९८११८९३ | २७६९६१३३९ | ३७२९६०७६.०२ | चलिरहेको |
| बहुउदेश्यीय सहकारी संस्था लि. | २ | ४२६ | २७५०००० | १९३७३८७ | ११३८००१ | ७१६००० | १ चलिरहेको<br>१ निष्क्रीय |
| कृषि सहकारी संस्था लि. | २१ | ५८६७ | ११७७४३२९८ | २१४४८०१८२.६३ | ६४६६८८३९२ | ७६२५०६१७ | १२ चालु<br>६खारेज<br>३ निष्क्रिय |
| जम्माः | २५ | ११९६३ | १८८९५१७२६ | ५२६२२९४६२.६२ | ९२४७८७७३२ | ११४२६२६९३ | १५चालु<br>६खारेज<br>३ निषक्रिय |

## ५ बजेट तथा कार्यक्रम

५.१ बजेट सीमा निर्धारण र तर्जुमा समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र प्रमुख प्रशासकिय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले वजेट सिमा निर्धारण समितिको समितिको मिति २०८१।३।६ वैठकवाट सिमा निर्धारण भएकोमा प्रमुख प्रशासकीय अधिकृतबाट विषयगत शाखा तथा वडालाई सोको जानकारी दिएको भएपनि ऐनमा व्यवस्था भएअनुसार वमोजिम तोकीएको समय वजेटको सिमा निर्धारण नभएकोले तोकिएको समायमै सिमा निर्धारण गरि यथार्थ वजेट निर्माणमा पालिकाको सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.२ बजेट पेश, पारित र अख्तियारी - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष ले मिति २०८१।३।१० मा रु ७६ करोड ३९ लाख १९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० पारित गरी मिति २०८१।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।पेश भएकै दिन बजेट पारित भएकोमा २०८१।४।१० मा मात्र खर्चको अख्तियारी दिएको देखिन्छ । नियममा तोकिए बमोजिम समयमै अख्तियारी दिई कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

५.३ योजना तथा वजेट कार्यान्वयन – पालिकाको योजना तथा बजेट सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

1. त्रैमासिक खर्च अवस्था- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १८ करोड १५ लाख ६३ हजार भएकोमा प्रथम त्रैमासिकमा रु ४ करोड १४ लाख ९८ हजार खर्च भएको, दोश्रो त्रैमासिकमा ३ करोड २७ लाख ९२ हजार, तेश्रो त्रैमासिकमा ५करोड ८. लाख ४३. हजार, चौथो त्रैमासिकमा ५करोड६४ लाख ८९. हजार र आषाढ महिनामा २ करोड ५५ लाख ५१ हजार देखिन्छ। चौथो त्रैमासिक खर्च ३१.११प्रतिशत र आषाढ महिनाको खर्च १४.०७ प्रतिशत रहेकोले रहेको छ ।त्रैमासिक विनियोजन वमोजिम वजेट खर्च गरिनुपर्दछ ।
2. अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. रु १ करोड ४६ लाख २८ हजार अबण्डा बजेट व्यवस्था रु. ९५१४५११ खर्च गरेको छ। अबण्डामा बजेट राखी कार्यपालिकाको निर्णय बाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।
3. रकमान्तर-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रही कुनै शिर्षकवाट पुँजीगत शिर्षकमा पच्चिस प्रतिशत नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ ।त्यस्तै, पालिकाको विनियोजन ऐन २०८१ ले चालु र पुँजीगत खर्च शिर्षकमा ७६करोड ३६ लाख १९ हजार वजेट स्विकृत गरेको मध्ये आन्तरीक स्रोत र निशर्त वित्तीय हस्तान्तरणमा रु ५० करोड ८८लाख ८७ हजार विनियोजन गरेको छ ।तर पालिकाले आन्तरीक स्रोत र निशर्त वित्तीय हस्तान्तरणमा १९ वटा कार्यक्रम/योजना लाइ घटाइ मौज्दातवाट समेत ३६ वटा नयाँ कार्यक्रम/ थप गरी रु १,३१,१३,२३४.०० रकमान्तर गरेको छ । वजेट तथा कार्यक्रम स्वीकृत भैसकेपछि सो कार्यन्वयन हुन नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा कार्यक्रम/योजना संसोधन गरी रकमान्तर गर्नु उचित देखिएन ।

५.४ योजनाको प्राथमिकीरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २०८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३६ | १६ | ८ | १२ |
| २ | वडास्तरीय | १७२ | - | २८ | १४४ |
| | जम्मा | २०८ | १६ | ३६ | १५६ |

उल्लिखित तालिका अनुसार कुल २०८ योजनामध्ये १५६ अर्थात् ७५ प्रतिशत योजना रु. ५ लाख मुनिका रहेको पाइयो ।विवरण पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

५.५ बार्षिक खरिद योजना -सार्वजनिक खरिद नियमावली २०६४ को नियम मावार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सो आर्थिक वर्षमा गर्ने खर्चको वार्षिक खरिद योजना तयार गर्नुपर्ने र बार्षिक खरिद योजनामा खरिदको सम्भावित प्याकेज, खरिद कारवाहीको समय तालिका, खरिद बिधि समेत खुलाउनुपर्ने ब्यबस्था छ ।पालिकाले यस वर्ष देहाय खर्च शिर्षकमा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने गरी रु ४७५७५००० वजेट विनियोजन गरी रु २८५२८७८७.२४ खर्च गरेकोमा केही तल उल्लेखि खर्च शिर्षकको वार्षिक खरिद योजना बनाएको तयार गरेको देखिएपनि लागु गरेको पाइएन । अत: खरिद सम्वन्धी नियमको उल्लेखित ब्यबस्था अनुसार खरिद योजना तयार गरी लागु गर्नुपर्दछ ।

| खर्च कोड | खर्च शिर्षक | वजेट | खर्च |
|---|---|---|---|
| २२२१३ | सवारी साधन मर्मत खर्च | ४०,००,०००.०० | २७,८३,४५२.१२ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २८,००,०००.०० | २२,६१,७८५.४९ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १,२७,५०,०००.०० | ८८,५७,५५८.०२ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४०,००,०००.०० | २०,००,४३५.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ५९,००,०००.०० | ३८,७८,५१५.०० |
| २८१४२ | घरभाडा | ३५,००,०००.०० | १९,५१,५७०.०० |
| ३११२२ | मेशिनरी तथा औजार | ७४,५०,०००.०० | ३१,४५,६२७.०५ |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ६१,००,०००.०० | २५,७५,१८३.०० |
| ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | १०,७५,०००.०० | १०,७४,६६१.५६ |
| जम्मा | | ४७५७५०००. | २८५२८७८७.२४ |

५.६ दायित्व सृजना र भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। त्यस्तै आर्थिक-कार्यविधि-तथा-वित्तीय-उत्तरदायित्व-नियमावली२०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने र नियम ३९ को उपनियम (१५) वमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको प्रमाणित विवरणमा समावेश भएको खर्च भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरी भुक्तानी दिन सक्ने ब्यबस्था छ। पालिकाले नियमित तथा चालु प्रकृतिका र पुँजीगत रु ६६९२०००.०० गरी गत वर्षको भुक्तानी दिन बाँकी दायित्व देखिएकोमा बजेटमा समावेश गरी भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण गर्नुपर्नेमा चालु प्रकृतिको दायित्वमा राखि भुक्तानी दिन मिल्ने देखिएन ।

## ६ अनुदान प्राप्ती, वितरण, उपयोग

६.१ समानीकरण अनुदान रकमको उपयोग- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनको बुदा च ( १२ र १४) मा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र उक्त ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने ब्यबस्था रहेको हुदा प्रदेश तथा स्थानीय सरकारहरुले प्रशासनिक खर्च [पारिश्रमिक / सुविधा, मालसामान तथा सेवाको उपयोग अनुगमन तथा मूल्याङ्कन खर्च भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा / घर / सवारी साधन / मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता भैपरी आउने चालु खर्च] जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरणको अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने र आर्थिक वर्षको अन्त्यमा फ्रिज भएको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा खर्च गर्दा जुन प्रयोजनको लागी विनियोजन भएको हो सोहि प्रयोजनमा मात्र खर्च गर्नुपर्ने र यस्तो रकम आन्तरिक आयको रुपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न नपाईने उल्लेख छ ।पालिकाको यस वर्षको स्रोतगत खर्चको फाँटवारीमा मार्गदर्शन विपरीत देहाय चालु प्रकृतिका खर्च शीर्षकमा रु २४३७६००० विनियोजन गरी २१९२४७०३.४८ खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरीत पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

| खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | वजेट खर्च |
|---|---|---|---|
| नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | १,०५,२६,०००.०० | ८९,३४,७६९.९६ |
| २२१११ | पानी तथा बिजुली | १,५०,०००.०० | १,४४,६३१.११ |
| २२४१३ | करार सेवा शुल्क | ४०,००,०००.०० | ३९,८१,०१०.१० |
| २२४१४ | सरसफाईसेवा शुल्क | १५,५०,०००.०० | १४,६१,९७३.४१ |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ५०,०००.०० | ५०,०००.० |
| २२६१९ | अन्य भ्रमण खर्च | ३,००,०००.०० | ८९,६२०.० |
| २२७११ | विविध खर्च | ८,५०,०००.०० | ७,८९,३८७.०० |
| बागमती प्रदेश - समानिकरण अनुदान : बागमती प्रदेश - नगद अनुदान | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | १४,००,०००.०० | १४,००,०००.०० |
| २२४१३ | करार सेवा शुल्क | ४०,००,०००.०० | ३७,४४,००७.९० |
| २२७११ | विविध खर्च | १५,५०,०००.०० | १३,२९,३०४.०० |
| | | २४३७६०००. | २१९२४७०३.४८ |

६.२ सवारी साधन कर वाडफाड - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको सवारीसाधन कर मार्गदर्शनको वुदा ५ मा सवारी साधन कर वाडफाडको रकम उपयोग गर्दा सो रकमबाट स्थानीय सडकको मर्मतसम्भार तथा सडक सुरक्षा ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पुर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख गरेको छ ।यस वर्ष पालिकामा प्राप्त भएको सवारी साधन कर वाडफाड रकम

१७२१६७७९.१८ मध्ये यस वर्षको श्रोतगत खर्चको फाँटवारीमा तोकेको क्षेत्रमा खर्च नगरी कार्यालयको नियमित प्रकृतिका चालु खर्च शिर्षकमा रु ७१६७१०० विनियोजन गरि रु ५७६८३५७ खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरीत पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

| बाँडफाडवाट प्राप्त रकम | खर्च संकेत | खर्च शिर्षक | वजेट रकम | खर्च रकम |
|---|---|---|---|---|
| १७२१६७७९.१८ | २११११ | पारिश्रमिक कर्मचारी | ७,६३,०००.०० | ४,१६,७७६.०० |
| | २११३३ | फिल्ड भत्ता | ९,५९,१००.०० | ३,४४,९००.०० |
| | २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २,००,०००.०० | १,९७,६४०.०० |
| | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १५,००,०००.०० | १४,९३,६१५.०० |
| | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ११,५०,०००.०० | ९,९९,६११.०० |
| | २२६१९ | अन्य भ्रमण खर्च | १५,९५,०००.०० | १३,१६,४००.०० |
| | २२७११ | विविध खर्च | १०,००,०००.०० | ९,९९,४१५.०० |
| | | | ७१६७१००. | ५७६८३५७ |

## ७ संगठन तथा कर्मचारी व्यवस्थापन

७.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९को दफा ७ वमोजिम स्थानीय तहको संगठन संरचना र दरवन्दी स्विकृत भएपछी सम्वन्धित स्थानीय तहले संगठन संरचना स्विकृत गर्ने वा पद सृजना गर्ने निर्णय भएको एक महिना भित्र र ऐन प्रारम्भ हुदाका वखत स्थानीय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गर्नुपर्ने उल्लेख छ पालिकाले ऐनको ब्यबस्था वमोजिम नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको नदेखिए को साथै ऐन प्रारम्भ हुदाका वखत स्थानीय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको पनि देखिएन । पालिकाले उपलब्ध गराएको विबरण अनुसार स्थानीय तहमा रहेका कर्मचारीको दरवन्दीको विवरण निम्नअनुसार छन ।

| सि नं | पद | स्विकृतदरवन्दी | स्थायीपदपुर्ती | रिक्त | अस्थायी/करार पदपुर्ति | कार्यक्रम करार पदपुर्ति |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ | १ | ० | ० | ० |
| ५ | अधिकृत आठौ | २ | १ | १ | १ | ० |
| ६ | अधिकृत सातौ | २ | १ | १ | १ | ० |
| ७ | अधिकृत छैठौ | ११ | ९ | २ | ० | ३ |
| ८ | सहायक पाचौ | ५२ | २५ | २७ | ४ | ४ |
| ९ | सहायक चौथो | ४३ | ६ | ३७ | २४ | ५ |
| १० | सहायक तेश्रो | ० | ० | ० | ० | ० |
| ११ | तह विहिन | ३४ | १ | ३३ | २४ | ० |
| | | १४५ | ४४ | १०१ | ५४ | ११ |

- गत वर्ष कुल स्विकृत दरवन्दी संख्या ८२ रहेकोमा ओ एण्ड एम सर्वेक्षण गरी २०८१ माघमा सभाको वैठकवाट २५ शैया अस्पताल, वैरेनीको ४० वटा र आधारभुत स्वास्थ्य केन्द्रको ५६ स्विकृत हुदा पुरानो दरवन्दि ३३ घटाउदा थप कायम हुने ६३

गरी स्विकृत दरवन्दी संख्या १४५ पुगेको छ ।

- ऐनको ब्यबस्था वमोजिम ऐन प्रारम्भ हुदाका वखत स्थानीय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र र नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको देखिएन ।

७.२ करार कर्मचारी - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागी कुनैपनि ब्यक्तिलाइ करारमा नियुक्ति गर्न नपाइने उल्लेख छ तर सोहि ऐनको दफा ९ को उपदफा १४ मा सहायक चौथो र पाँचौ तहको पदवाट सम्पादन गरिने कार्य मध्येको कम्प्युटर अपरेटर, सवारीचालक, कार्यालय सहयोगी र चौकिदारको पदवाट सम्पादन हुने कामको लागी दरवन्दि भित्र रहि ब्यक्तिसंग करार गरी सेवा करारमा र प्लम्बर, इलेक्ट्रिसियन र यस्तै काम गर्ने अन्य पदका दरवन्दि भित्र नपर्ने पदमा संस्था गरार गरी सेवा करारवाट सम्पादन गराउन सकिने उल्लेख छ ।यो वर्ष पालिकाले स्वीकृत स्थायी दरवन्दीमा देहाय वमोजिम संख्यामा विगतदेखी नै कार्यरत कर्मचारीको करारको म्याद थप गर्दै कार्य लगाइ यस वर्ष रू. १ करोड ३३ लाख १ हजार पारिश्रमिक भुक्तानी गरेको छ ।ऐनको ब्यबस्था विपरित स्थानीय सेवाको पदमा करारमा कार्यरत देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

| पद | स्विकृत दरवन्दिमा करारमा कार्यरत कर्मचारी संख्या | मासिक तलव | वार्षिक तलव भत्ता रु. |
|---|---|---|---|
| अधिकृत आठौ | १ | ४८७३७ | ६३३८५१ |
| अधिकृत सातौ | १ | ४५८५१ | ५९६०६३ |
| सहायक पाचौ | ४ | ३४७३० | १८०५९६० |
| सहायक चौथो | २४ | ३२९०२ | १०२६५४२४ |
| जम्मा | | | १३३०१०२८ |

७.३ तलवी प्रतिवेदनः- बागमती प्रदेश सरकारको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू १५४८८७९४ पालिका तर्फ रू २००९१२३२ समेत रू ३५५८००२६।०० खर्च लेखेको छ। कानुन वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

७.४ दैनिक ज्यालादारी कर्मचारी - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागी कुनैपनि ब्यक्तिलाइ ज्यालादारी नियुक्ति गर्न नपाइने उल्लेख छ । स्विकृत दरवन्दि नभएको देहाय पदमा कार्यपालिकाको २०८१।१२।१२ को निर्णय वमोजिम दैनिक ज्यालादारी कर्मचारीको २०८१ मंसिर मसान्त सम्म म्याद थप भएकोमा २०८२ आषाढसम्म काममा लगाइ हाजिरी वमोजिम रु ३३८३९३३।२० भुक्तानी गर्ने गरेकोमा स्विकृत दरवन्दि वेगरका पदहरुमा ज्यालादारी काममा लगायएको देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ ।

| कर्मचारी | पद | वार्षिक पारिश्रमिक |
|---|---|---|
| रामकृष्ण गिरी | सरसफाइकर्मी | ५०,६३९.० |
| सुव्वा सुनार | सिचाइ हेरालु | १,४४,३४२.०० |
| प्रदिप रिमाल | सिचाइ हेरालु | १,४४,३४२.०० |
| विष्णु तामाङ | ग्रमिण सडक हेरालु | १,४४,३४२.०० |
| राम वहादुर तामाङ | ग्रमिण सडक हेरालु | १,४४,३४२.०० |
| आइते सार्की | लेवर | २,३१,६६०.०० |
| वसन्तलाल श्रेष्ठ | लेवर | २,३१,६६०.०० |
| रमेश खड्का | स्विपर | ४,५५,०२३.५० |
| यदु कुमार खतिवडा | सरसफाइ | ३,१०,९०९.८० |
| देवकी दमाइ | सरसफाइ | ११७३१५ |
| इश्वर नेपाली | फिल्ड सुपरभाइजर | २१९५३२ |
| नस रम्तेल | लेवर | २९२६६२ |
| गोपाल वहादुर सार्की | लेवर | २२९६६२ |
| सन्त वहादुर सार्की | लेवर | २,२९,६६६.५० |
| राजकुमार भेटवाल | लेवर | १,४५,९४५.०० |
| कर्ण वहादुर लामा | लेवर | १,४५,९४५.०० |
| वलराम भण्डारी | लेवर | १,४५,९४५.४० |
| | | ३३८३९३३।२० |

## ८ कानून निर्माण एवं कार्यान्वयन

८.१ कानुन निर्माण तथा कार्यान्वयन स्थितिः – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, २० कार्यविधि ३० निर्देशिका र ५ नर्मस गरी ६९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा वित्तीय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

८.२ न्यायिक समितिको कार्य सम्पादन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्षको बाँकी १३ वटा र यस वर्ष ५० उजुरी परेकोमा ३८ वटा फर्स्यौट भइ २५ कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको देखिएको छ ।

## ९ सम्पत्ति उपयोग र संरक्षण

९.१ सम्पत्तिको उपयोग र संरक्षण – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनमिना नहुने गरी लगत स्रेस्ता सहित त्यस्को संरक्षण गर्ने कर्तब्य त्यस्तो जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने ब्यबस्था छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS वमोजिम पालिकाको यस आर्थिक वर्षमा घर जग्गा तथा देहाय प्रमुख सम्पत्ति देखिएकोमा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षणमा अवस्था देखिएको व्यहोरा निम्न छ ।

| सम्पत्ति | संख्या | खरिद/ प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | ९डकितानम्बर९०४,१३१७,१२३७र९०२काजग्गाहरु | १,४५,४३,७५० | |
| सवारी साधन दुइ पाङग्रे | २६ | ६१२५९३२ | |
| सवारी साधन चार पाङग्रे | ३ | ९३५८८७६ | |
| एम्वुलेन्स | २ | | |
| जे सि वि | १ | | |

- इन्धनको अभिलेख – कार्यालयले कर्मचारीको लागी इन्धन सुविधा वितरण आधार तयार गरी को अभिलेख अद्यावधिक गरि राख्नुपर्ने ब्यबस्था छ । कार्यालयको अभिलख अनुसार कार्यालयमा सवारि साधन २९ रहेको देखिएको छ । कार्यालयले इन्धन सुविधा वितरण को अभिलेख अद्यावधिक नहुनुको साथै यस बर्ष इन्धन पदाधिकारी रु ९,९९,९९९.२७ इन्धन(कार्यालय प्रयोजन)मा रु. ५५,७९,०९९.२२ गरी रु ६५७९०९८।४९ खर्च भएकोमा सो को अभिलेख PAMS मा समेत राखिएको नदेखिएकोले इन्धन खर्चको आधार तय गरी सो को अभिलेख PAMS मा समेत राखिनुपर्दछ ।
- जिन्सी निरीक्षण -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान नियम १०६ वमोजिम लिलाम गर्नु पर्ने व्यवस्था छ । पालिकाले विगत वर्ष देखि जिन्सी निरीक्षण गराएको देखिएन । साथै पाम्स शुरु हुनु भन्दा अघिको जिन्सी सामान पाम्सको अभिलेखमा नआएको, पाम्स version १ वाट version २ मा १०७ वटा सामान माइग्रेशन नभएको देखिएको छ । सार्वजनिक सम्पतिको उपयोग र संरक्षणमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।
- सवारी मर्मत सम्भार – कार्यालयले कार्यसञ्चालन निर्देशिका तयार गरेको देखिएन । पालिकाको अभिलेखमा देखिएको २९ सवारी साधन र एक मेशिनरी औजारको को मर्मत सम्भार रु २७,८३,४५२.१२ र मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च रु २२,६१,७८५.४९ गरी रु ५०४५२३७।६१ देखिएको छ । साथै ति साधनको मर्मत सम्भारको अधिलेख पाम्स राखेको देखिएन । सामान्यतया कुनै पदाधिकारी वा कर्मचारीले सरकारी सवारी साधन कार्यालयको काम बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न नपाइने र सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई निजले प्रयोग गरेको सवारी साधनको लागि मर्मत विल बमोजिम बढीमा कार / जिप /मेशिनरी औजारको वार्षिक पचास हजार र मोटरसाईकल वा स्कूटरको लागि वार्षिक

दश हजार नबढ्ने गरी उपलब्ध गराइने मर्मत खर्च भन्दा बढी रकमको सवारी साधनको मर्मत सम्भार बापतको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा कार्यपालिकाले अनुगमन गरेको देखिएन ।

- उपकरण सञ्चालन र कार्यबिधि- पालिकामा रहेका २ एम्बुलेन्सको पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखी लेखापरिक्षणमा पेश गरेको छैन । एकातर्फ एम्बुलेन्स सञ्चालनको पुर्ण रुपमा लगसिट नहुने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत नहुनाले र एम्वलेन्सको आय स्रेस्ता साधन सञ्चालन अवस्था कस्तो छ यकिन गर्न सकिएन । उक्त साधन सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण प्राथमिक स्वास्थ्य केन्द्र वाट व्यबस्थापन हुने गरेको पाइयो । पालिकाको एम्बुलेन्स मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

९.२ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण - स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा यकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

## १० पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा मालसामान खरिद गर्न,सेवा उपलब्ध गराउन वा निर्माण सम्वन्धि कामका लागी व्यक्ती फर्म वा कम्पनिलाइ पेश्की दिदा प्रचलित कानुन वमोजिम वैक ग्यारेन्टी लिइ पेश्की दिनुपर्ने र नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष निम्नानुसार म्याद नाघेको पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | कार्य | पेश्की रकम म्याद नाघेको | कैफियत |
|---|---|---|---|---|
| २०८२/०३/३२ | मिलेनियम/कल्पवृक्ष जे.भी. | बैरेनी २५ शैया अस्पतालमा | ४४,००,००० | पेश्की जमानतको म्याद २०८०।३।२९ मा सकिएको |
| २०८१/०४/०१ | नेपाल विधुत प्राधिकरण धादिङ वितरण केन्द्र | विद्युत सेवा विस्तार तथा मर्मत | ६,९८,०३३.६८ | |
| जम्मा रु | | | ५०९८०३३।६८ | |

| | |
|---|---|
| पेश्की | ५०,९८,०३३.६८ |

## ११ शिक्षक दरवन्दी र पदपूर्ति

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरवन्दी अनुसूची - १२ मा उल्लेख भए बमोजिम हुने र विशेष शिक्षा दिने सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मन्त्रालयले तोके बमोजिम हुने उल्लेख छ । त्यस्तै शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ८ मा प्रत्येक जिल्ला शिक्षा समन्वय कार्यालयले जिल्ला भित्रका सामुदायिक विद्यालयमा रहेका स्वीकृत रिक्त दरवन्दीको विबरण प्रत्येक ६ महिनामा शिक्षा बिकास तथा मानव श्रोत केन्द्रमा पठाउनुपर्ने र

शिक्षा बिकास तथा मानव श्रोत केन्द्रले पनि पदपुर्तिको लागी २ महिना भित्र आयोगमा लेखि पठाउनु पर्ने उल्लेख छ । पालिकाले पेश गरेको विबरण अनुसार आधारभुत र माध्यमिक गरी ९५ स्वीकृत शिक्षक दरवन्दी रहेकोमा ९० जना पदपुर्ति भई ५ दरवन्दी रिक्त रहेको छ। पदपुर्तिको लागी दरवन्दीको विबरण पठाएको नदेखिएकोले शिक्षक सेवा आयोग नियमावली वमोजिम रिक्त पद पदपुर्ति गरिनुपर्दछ ।

| विद्यालयको संख्या | स्विकृत दरवन्दी आधारभुत तह १ देखि ५ | स्विकृत दरवन्दी आधारभुत तह ५ देखि ८ | स्विकृत दरवन्दी माध्यामिकतह ९ देखि १० | स्विकृत दरवन्दी माध्यामिकतह ११देखि १२ | जम्मा स्विकृत दरवन्दी | स्थायी पदपूर्ति | शिक्षण अनुदान कोटा राहतमा कार्यरत | संघिय सशर्त अनुदान र अन्य प्रकृतिका शिक्षण अनुदान | पालिका अनुदान | जम्मा करारमा कार्यरत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | ७८ | ११ | ४ | २ | ९५ | ९० | ८५ | १४ | १६ | ११५ |

## १२ विद्यालय समायोजन तथा शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली २०५९ को नियम ४ अनुसुची ३ ( ठ) मा सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराइ क्षेत्रमा ५०, पहाडी क्षेत्रमा ४५ र हिमाली क्षेत्रमा ४० विद्यार्थी हुनुपर्नेउल्लेख छ। नियमावलीमा भएको उल्लेखित ब्यबस्थाले यस पहाडी भेगमा सामुदायिक विद्यालयका प्रतिकक्षा सामान्यतया औषतमा ४५ विद्यार्थी गणना गर्दा प्रति आधारभुत विद्यालय (कक्षा १-५) भएको विद्यालयमा २२५ जना, (कक्षा ६-८) सम्म भएको विद्यालयमा ३६० जना, माध्यामिक (कक्षा ९-१०) मा ४५० जना प्रति विद्यार्थी हुनुपर्ने देखिएको छ । त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम ७७ मा सामुदायिक विद्यालयमा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र उपत्यका तथा तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार सामुदायिक विद्यालयको विद्यालय - विद्यार्थी संख्या र शिक्षक/विद्यार्थी अनुपात देहाय वमोजिम देखिएको छ ।

| क.सं. | विद्यालयको नाम | विद्यालयको तह | नियमावली वमोजिम प्रति विद्यालयमा हुनुपर्ने विद्यार्थि संख्या | विद्यालयको विद्यार्थी संख्या | विद्यार्थी प्रतिशत | कुल शिक्षकसंख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | बाराही आधारभूत विद्यालय | ०-५ | २२५ | ४३ | १९.०० | ४ | ११ |
| २ | सरस्वती माध्यमिक विद्यालय | ०-१० | ४५० | २४४ | ५४.०० | १४ | १७ |
| ३ | जालपादेवी आधारभूतविद्यालय | ०-५ | २२५ | ३२ | १४.२२ | ४ | ८ |
| ४ | चिउरीभञ्ज्याङ आधारभूतविद्यालय | ०-५ | २२५ | ३३ | १४.६७ | ४ | ८ |
| ५ | कालिदेवी आधारभूतविद्यालय | ०-३ | १३५ | ५ | ३.७० | १ | ५ |
| ६ | सुन्टार आधारभूतविद्यालय | १-३ | १३५ | १४ | १०.३७ | १ | १४ |
| ७ | कल्लेरी माध्यमिकविद्यालय | ०-१० | ४५० | ११५ | २५.५६ | १० | १२ |
| ८ | भक्तबच्छला आधारभूतविद्यालय | ०-५ | २२५ | ४४ | १९.५६ | ५ | ९ |
| ९ | रक्तबच्छला आधारभूतविद्यालय | ०-८ | ३६० | ८२ | २२.७८ | ९ | ९ |
| १० | धर्मद्वार आधारभूतविद्यालय | ०-५ | २२५ | ६५ | २८.८९ | ४ | १६ |
| ११ | धादिङ आधारभूत विद्यालय | ०-८ | ३६० | ३१ | ८.६१ | ७ | ४ |
| १२ | शिवालय आधारभूतविद्यालय | ०-५ | २२५ | ३ | १.३३ | ० | |
| १३ | जनकल्याण माध्यमिकविद्यालय | ०-१२ | ५४० | ५४५ | १००.९३ | १९ | २९ |
| १४ | किराञ्चोक कार्कीडाँडामाध्यमिक विद्यालय | ०-१२ | ५४० | २५६ | ४७.४१ | १६ | १६ |
| १५ | ठाँटीचौर आधारभूतविद्यालय | ०-५ | २२५ | २३ | १०.२२ | ३ | ८ |
| १६ | बागेश्वरी आधारभूतविद्यालय | ०-५ | २२५ | १७ | ७.५६ | ३ | ६ |
| १७ | भैरवी आधारभूत विद्यालय | ०-४ | १८० | १७ | ९.४४ | १ | १७ |
| १८ | अमन्तादेवी माध्यमिकविद्यालय | ०-१० | ४५० | २४४ | ५४.२२ | १२ | २० |
| १९ | जलकन्या | ०-८ | ३६० | १२७ | ३५.२८ | १० | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आधारभूतविद्यालय | | | | | | |
| २० | कालिका आधारभूतविद्यालय | ०-५ | २२५ | ३३ | १४.६७ | ३ | ११ |
| २१ | मनकामना आधारभूतविद्यालय | ०-५ | २२५ | ५४ | २४.०० | ४ | १४ |
| २२ | बालज्योति आधारभूतविद्यालय | ०-५ | २२५ | ४९ | २१.७८ | ४ | १२ |
| २३ | अम्लेश्वर आधारभूत विद्यालय | ०-३ | १३५ | १४ | १०.३७ | १ | १४ |
| २४ | बागेश्वरी आधारभूतविद्यालय | ०-५ | २२५ | ४१ | १८.२२ | ४ | १० |
| २५ | बागेश्वरी माध्यमिक विद्यालय | ०-१२ | ५४० | ४७३ | ८७.५९ | १९ | २५ |
| २६ | बागेश्वरी आधारभूतविद्यालय | ०-५ | २२५ | ३८ | १६.८९ | ३ | १३ |
| २७ | बालकुमारी आधारभूतविद्यालय | ०-८ | ३६० | १४२ | ३९.४४ | १० | १४ |
| २८ | बान्द्रे आधारभूतविद्यालय | ०-५ | २२५ | ३४ | १५.११ | ३ | ११ |
| २९ | गोगनपानी माध्यमिकविद्यालय | ०-१० | ४५० | १९२ | ४२.६७ | १३ | १५ |
| ३० | गोगनपानी आधारभूतविद्यालय | ०-८ | ३६० | ७० | १९.४४ | ७ | १० |
| ३१ | जनसेवा आधारभूतविद्यालय | ०-८ | ३६० | ९२ | २५.५६ | ८ | १२ |
| ३२ | ज्वालादेवी आधारभूतविद्यालय | ०-५ | २२५ | ४२ | १८.६७ | ३ | १४ |
| ३३ | असारे आधारभूत विद्यालय | ०-३ | १३५ | ७ | ५.१९ | १ | ७ |

- विवरणअनुसार सवै समुदायिक विद्यालयमा तोकिएभन्दा विद्यार्थी संख्यामा शत प्रतिशत हुनुपर्नेमा न्युनतम ३.७० प्रतिशत देखी अधिकतम ८७.५९ प्रतिशत क्षमता मात्र प्रयोग भएको देखिएकोले कुनै विद्यालयमा पनि नियमावलिले तोके वमोजिम विद्यार्थी देखिएन । भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार विद्यालय गाभ्ने, खारेज गर्ने नयाँ थप गरी बिद्यालय समायोजन गर्नुपर्नेमा हालसम्म व्यवस्थापन गर्न सकेको देखिएन । सामुदायिक विद्यालय समायोजन गरेको नदेखिएकोले निर्धारित मापदण्ड वमोजिम विद्यालय समायोजन गरी गुणस्तरीय शिक्षाको ब्यबस्थापन गरिनु पर्दछ ।
- नियमावली अनुसार समुदायिक विद्यालयमा औषतमा शिक्षक-विद्यार्थी अनुपात ४५ हुनुपर्नेमा विवरण अनुसार न्युनतम ४ देखी अधिकतम २५ अनुपात भएको देखिएकोले कुनै विद्यालयमा पनि नियमावलिले तोके वमोजिम शिक्षक/विद्यार्थी देखिएन । सार्वजनिक खर्चमा मितब्यीता कायम गर्न भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी

आवश्यकता अनुसार शिक्षक दरवन्दी मिलान गर्ने,अनावश्यक दरवन्दी खारेज गर्ने गरी शिक्षक दरवन्दीको ब्यबस्थापन गरिनुपर्नेमा पालिकामा शिक्षक दरवन्दी मिलान भएको देखिएन । शिक्षा नियमावलीको ब्यबस्था वमोजिम शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

१३ **प्रति विद्यार्थी लागत**

गाउँपालिकाले सामाजिक सेवा तर्फ गरेका अल्पकालिन लगानी, दिर्घकालिन लगानीलाई लागत लाभ मापन हुने गरी लगानीको सुनिश्चितता गर्नु पर्दछ । तिनै तहका सरकारवाट विद्यालयको सञ्चालन व्यवस्थापनका लागी गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा गएको निकासा तथा विद्यार्थी अनुपातमा निकालेको प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|
| संघीयसरकार सशर्त | १४३,८६४,६९६.०० | ३७४० | ४३९९२.०० |
| प्रदेशसरकार | ५६८,०००.०० | | |
| गाउँपालिका | २०,०९७,३८६.२९ | | |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रू ४३९९२.०० रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, व्यवहारिक, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

१४ **गाँउपालिका अनुदान वाट शिक्षकको तलव भत्ता**

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को वुदा नं ४.१ मा स्विकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यारत सवै शिक्षकहरु, प्रारम्भिक वाल विकासका शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीको तलव भत्ता सवै शशर्त अनुदानको रुपमा उपलब्ध हुने व्यवस्था रहेको छ ।पालिकाले निम्न विद्यालयमा शिक्षक विद्यार्थी अनुपात भन्दा कम भएको अवस्थामा समेत पालिका स्रोत वाट तलव भुक्तानी गरी थप व्ययभार पारेकोले नियम सम्मत देखिदैन । पालिकाले विद्यालय समायोजन गरी शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी शिक्षक ब्यबस्थापन गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | तह | शिक्षकसंख्या | वार्षिक अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सरस्वतीमाध्यमिक विद्यालय | गल्छी १ | ०-१० | १ | ४०००००.०० | माध्यमिक (९-१०) १जना |
| २ | जनकल्याणमाध्यमिक विद्यालय | गल्छी ४ | ०-१२ | ३ | १२०००००.०० | आधारभूत१ जना, माध्यमिक (९-१०) १ जना र माध्यमिक (११-१२) १ जना |
| ३ | किराञ्चोककार्कीडाँडा माध्यमिक विद्यालय | गल्छी ४ | ०-१२ | २ | ९४००००.०० | माध्यमिक (९-१०) १ जना र माध्यमिक (११-१२) १ जना |
| ४ | अमन्तादेवीमाध्यमिक विद्यालय | गल्छी ५ | ०-१० | १ | ४०००००.०० | माध्यमिक (९-१०) १जना |
| ५ | जलकन्याआधारभूत विद्यालय | गल्छी ५ | ०-८ | २ | ५४००००.०० | आधारभूत (६-८) २ जना |
| ६ | बागेश्वरीमाध्यमिक विद्यालय | गल्छी ६ | ०-१२ | १ | ४०००००.०० | माध्यमिक (९-१०) १जना |
| ७ | गोगनपानीमाध्यमिक विद्यालय | गल्छी ८ | ०-१० | २ | ८०००००.०० | माध्यमिक (९-१०) २ जना |
| ८ | गोगनपानीआधारभूत विद्यालय | गल्छी ८ | ०-८ | १ | २७००००.०० | आधारभूत (६-८) १ जना |
| ९ | जनसेवाआधारभूत विद्यालय | गल्छी ८ | ०-८ | २ | ५४००००.०० | आधारभूत (६-८) २ जना |
| १० | अम्लेश्वरगुरूकुल वेद विद्याश्रम | गल्छी ६ | ६-१० | २ | ७०००००.०० | आधारभूत२ जना शिक्षक र अन्य सञ्चालन अनुदान समेत |
| ११ | रिपछापबालविकास केन्द्र | गल्छी १ | बालविकास | १ | २३१०००.०० | गाउँपालिकाले नयाँ केन्द्र थप गरेको |
| १२ | जाल्पादेवीआधारभूत विद्यालय | गल्छी १ | ०-५ | १ | २३१०००.०० | बालविकासशिक्षक नभएकोले थप गरिएको |
| १३ | भैरवीआधारभूत विद्यालय | गल्छी ४ | ०-३ | १ | २३१०००.०० | बालविकास शिक्षक नभएकोले थप गरिएको |
| १४ | जलकन्याआधारभूत विद्यालय | गल्छी ५ | ०-८ | १ | २३१०००.०० | बालविकास शिक्षक नभएकोले थप गरिएको |
| १५ | मनकामनाआधारभूत विद्यालय | गल्छी ५ | ०-५ | १ | २३१०००.०० | बालविकास शिक्षक नभएकोले थप गरिएको |
| १६ | बालज्योतिआधारभूत विद्यालय | गल्छी ५ | ०-५ | १ | २३१०००.०० | बालविकास शिक्षक नभएकोले थप गरिएको |
| १७ | बागेश्वरीआधारभूत विद्यालय | गल्छी ७ | ०-५ | १ | २३१०००.०० | बालविकास शिक्षक नभएकोले थप गरिएको |
| १८ | चैनपूरबालविकास केन्द्र | गल्छी ८ | बालविकास | १ | २३१०००.०० | गाउँपालिकाले नयाँ केन्द्र थप गरेको |

| | | |
|---|---|---|
| जम्मा | ८०३८००० | |

## १५ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्षपुजिगतशिर्षकबाट देहाय वमोजिम रु 2105.५९५०३।०० खर्च गरेकोमा रु १४१५५४५७५५ अर्थात् ६७.२२ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु ५९००८३०, अमानत रु ६६४००० र उपभोक्ता समिति वा लाभग्राही समुदा / गैर सरकारी संस्थाबाट रु 62448918.00 को खरिद गरेको छ। सोझै खरिद र उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

| उपशीर्षकको नाम | खरिद विधि | संख्या | खर्च रकम |
|---|---|---|---|
| पुजिगत | खुला बोलपत्र | ११ | १४१५५४५७५५ |
| | सोभै | ७ | ५९००८३० |
| | अमानत | ४ | ६६४००० |
| | उपभोक्ता समिति वा लाभग्राही समुदाय | १५३ | ६२२६३९१८ |
| | गैर सरकारी संस्था | १ | १८५००० |

## १६ वढी भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **४५९,७७९.९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## १७ समपुरक अनुदान साझेदारी

संघ तथा प्रदेश समपुरक अनुदान कार्यविधि २०७७ को दफा ६ मा समपुरक योजनावाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत रकम स्थानीय तहले समपुरक अनुदान व्यहोर्नु पर्ने उल्लेख छ । पालिकाले समपुरक अनुदान अन्तरगत सघ र प्रदेशवाट प्राप्त अनुदानको ५० प्रतिशत पालिकाले व्यहोर्नु पर्ने र समपुरक रकम बर्षान्तमा वाँकी रहेमा सम्वन्धित सन्चित कोष फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा यो बर्ष समपुरक अनुदानवापत देहायको रकम प्राप्त भएकोमा सो बापत पालिकाले आफ्नो योगदान वापत म्याचिङ फण्डमा रकम जम्मा गरेको पाइएन । यसले गर्दा संघ र प्रदेशको रकम मात्र खर्च भइ पालिकाको योगदान रहेको पाइएन । तसर्थ पालिकाले व्यहोर्नुपर्ने ५० प्रतिशत रकम खर्च रकम नभइ पालिका सञ्चित कोषमानै मौज्दात रहेकोले ५० प्रतिशत योगदानको सम्वन्धित सञ्चित कोषमा फिर्ता गर्नु पर्ने रु

| अनुदान दिने संघ/प्रदेश | गो मौ नं | योजनाको नाम | कार्यस्विकार रकम | संघ/प्रदेशको अनुदान खर्च रकम | पालिकाले गरेको खर्च | पालिकाले नब्यहोरेको रकम |
|---|---|---|---|---|---|---|
| प्रदेश सरकार | | केउरिनिटार पक्कि पुल | ११८३२९३२।०७ | ८४५३००७ | ३३७९९२५।०७ | २५३६५४०।९६ |
| संघिय समपुरक | | घिमिरे मछेडी पलाङखर्क सडक स्तोन्नति | ११७४७६३४ | ७६२६२९७ | ४१२१३३७ | १७५२४८५ |
| | | | | | | ४२८९०२५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,८९,०२५ |

१८ **प्रोभिजनलसम**

निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल समबाट खर्च भएको वास्तविक बिलकोआधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौतामा प्रोभिजनल सम बापत व्यवस्था गरिएको रकम खर्च गर्दा प्रोजेक्ट मेनेजरको पूर्व स्वीकृति लिई त्यस्तो कार्यमा भएको यथार्थ खर्चको विल विजक पेश गरी सोधभर्ना लिनुपर्ने उल्लेख छ । निम्न निर्माण व्यवसायीलाई प्रोभिजनलसम भुक्तानी र ल्याव टेष्ट वापत देहाय निर्माण व्यावसायीलाई भुक्तानी गरेकोमा निर्माण व्यावसायीले प्रोभिजनलसम र ल्याव टेष्टको विल विजक पेश गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु

| गो भौ नं | निर्माण ब्यावसायी | विवरण | प्रोभिजनलसम रकम | बिल नभएको रकम |
|---|---|---|---|---|
| ५।२०८१।६।१८ | ओम/वुद्द/वुद्दनाथ/जय ज्योति जे भि | प्रशासकिय भवन निर्माण | ल्याव टेस्ट | १३९८६७।०० |
| १८।२०८०।३।२४ | शान्ति समिर कन्ट्रक्सन | सडक स्तरोन्नति | प्रोभिजनलसम | १०३५९।०० |
| | | | | १५०२६६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०,२२६ |

१९ **सम्भाव्यता अध्ययन/डी.पी.आर**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले यो बर्ष रिज इन्जिनियरिङ कन्सल्टेन्सीवाट वहुउदेश्यीय खेलमैदान निर्माणको लागी सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन यो वर्ष कुल रु ७४२४१०।०० परामर्शदातान लाइ भुक्तानी गरेको छ। सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन वाट वहुउदेश्यीय खेलमैदान निर्माणको लागी रु ७५४९५५७७९।५१ लागत अनुमान देखिएकोले स्थानिय श्रोतले धान्न सकिने नदेखिदा यस्ता आयोजनाको सम्भाव्यता अध्ययन सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ।

२० **उपभोक्ताको कार्य निर्माण व्यवसायिवाट**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य गर्दा निर्माण व्यवसायी वा सव कन्ट्याक्टबाट गराउन नसकिने व्यवस्था छ ।पालिकाले यो बर्ष मोटरबाटो मर्मतको लागी उपभोक्ता समितिहरु मार्फत कार्य गराउने गरी सम्झौता गरेकोमा देहायका उपभोक्ता समितिहरुले आफुले गर्नुपर्ने कार्यहरु निर्माण व्यवसायसायीबाट गराएको बिल बीजक पेस गरी भुक्तानी लिएको छ । उपभोक्ता समितिले नियममा भएको व्यवस्था वमोजिम आफुले सम्पन्न गर्ने गरी सम्झौता भएका कार्य निर्माण व्यवसायिवाट गरेकोले नियमावली तथा सम्झौता विपरितको कार्य नियमित नदेखिएको रु

| गोश्वार भौचर | उपभोक्तासमित / कार्य | कार्यसम्पन्न रु | भुक्तानी रु | निर्माण व्यवसायी | विल रकम रु |
|---|---|---|---|---|---|
| २०८।०८१।९।७ पालिका चालु | बाटो सरसफाई साविक वडा नं २ | ३१८९७३ | २८७०७६ | महाकालभाई देवी निर्माण सेवा | ३३६०१६ |
| १९६।०८१।९।१ पालिका चालु | बाटो सरसफाई साविक वडा ४ उ स | ३७२३४८ | ३३४६०० | रक फल्स कन्स्ट्रक्सन प्रा ली | ३८९२१९ |
| ३०।०८१।९।०७ | ग्रामिण सडक मर्मत उ स | ११९०९८४ | १०५११९२ | डि के निर्माण सेवा | ११९०८०० |
| ३२।०८१।९।८ | वडा नं ४ दशै वाटो सरसफाई उ स | १५५७०४४ | १३५८००० | बागेश्वरी वालुव प्रशोधन उधोग | ३४१००० |
| | | | | डि के निर्माण सेवा | २८६४४० |
| | | | | अमृत वालुवा प्रशोधन उधोग | ५६००० |
| | | | | वागेश्वरी वालुवा प्रशोधन उधोग | ३४४४०० |
| | | | | पल्पसा विल्डर्स प्रा ली | २९५००० |
| | | | | पिडाली कन्स्ट्रक्सन प्रा ली | ९९३६४ |
| | | | | जम्मा | १४२२२०४ |
| ४२।०८१।९।२३र पालिका चालु तर्फ २४२ बाट | बाटो सरसफाई साविक वडा १,२,३ उ स | ३१३२४४० | २८१३००० | राई कन्स्ट्रक्सन प्रा ली | ३९०७०५ |
| | | | | वागेश्वरी वालुवा प्रशोधन उधोग | १५०५००२ |
| | | | | पाण्डव कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा ली | १९७७५० |
| | | | | माहाकाल माई देवी निर्माण सेवा | ३१०४३९ |
| | | | | एस एण्ड एस स्याण्ड वासिङ्ग उधोग | ३३६२८८ |
| | | | | इन्धन | २००००० |
| | | | | जम्मा | २९४०१८४ |
| २५८।०८१।९।२५ (पालिका चालु ), ४३।०८१।९।२५ ( पालिका पुजिगत ) | वाटो सरसफाई साविक वडा ६ उ स | ७४३८७६ | ६६९४८९ | महाकालमाई देवी निर्माण सेवा | २३५६८६ |
| | | | | एस एण्ड एस स्याण्ड वासिङ उधोग | ५२४०४८ |
| | | | | जम्मा | ७५९७३४ |
| जम्मा भुक्तानी रु | | | ६५,१३,३५७ | | |

| अनियमित भएको | ६५,१३,३५७ |
|---|---|

२१ **गैर सरकारी संस्थाको भवन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै उपलब्ध श्रोतलाइ स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट बिभिन्न उद्देश्यले स्थापित गैर सरकारी संस्थाका भबन निर्माण गर्न मिल्ने देखिदैन । यदि निर्माण गराउने हो भने पनि सबै नागरीकलाई प्रत्यक्ष लाभ पुग्ने गरी सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । साथै सामुदायिक भबनको प्रयोगको सञ्चालन कार्यबिधि समेत बनेको देखिएन । यो वर्ष देहायअनुसारका गैर सरकारी संस्थाको भवन निर्माण खर्चमा लागि रु. ६,३०,५०० उपलब्ध गराएका छन् । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित आधार देखिएन ।

| गोश्वारा भौचर | कार्य / उपभोक्ता समिती | भुक्तानी रु |
|---|---|---|
| १८७।०८२।२।१४ | साना किसान कृषि सहकारी सस्था कल्लेरी घेरावार उ स | ६,३०,५०० |

२२ **खर्च अवस्था**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| सि.नं. | खर्च शिर्षक | २०८०।८१को खर्च | २०८१।८२को खर्च |
|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | १८९००००0.00 | २१८७१३८४.५० |
| ३ | वैंठक भत्ता | १७११६४२.०४ | १६०००००.०० |
| ४ | विविध खर्च | २८०००००.०० | २८७३७५०.०० |
| ५ | इन्धन | ३२७२३१०.०० | ३४६८०००.०० |
| ६ | मसलन्द | ९०६३००९.०० | ८८५७५५८.०२ |
| ७ | मर्मत | ३४३८०१९.१८ | ४००७५८०.०० |
| ८ | दैनिक भ्रमण भत्ता | ४८०००००.०० | ५७०००००.०० |
| ९ | आर्थिक सहायता | ४४२३२७७.५२ | ४६०००००.०० |

२३ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय वमोजिमखरिद गरी वितरण गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले गरिनुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ। साथै सम्वन्धित वितरण भरपाइमा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात राखिनुपर्दछ ।

| गो भौ नं/मिति | विवरण | खर्च रकम |
|---|---|---|
| ६८५।२०८२।३।१९ | ३६ जना पुरुषलाइ रु ५०० का दरले एकल पुरुष भत्ता वितरण | १०८०००।०० |
| ७३२।२०८२।३।२२ | डल्लेटार खानेपानी डिलिङ उपभोक्ता समिति गल्छी ७ लाइ ५० प्रतिशत महशुल अनुदान भुक्तानी | १८४३३८।०० |
| ११।२०८१।९।२५ | सिचाइ तथा खानेपानी पाइप वितरण | २६०८३८।०० |

२४ **विद्यालय संञ्चालन तथा व्यवस्थापन थप अनुदान**

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को वुदा नं ४.१ मा विद्यालयको शिक्षकको तलव भत्ता, लगायत विद्यालय व्यवस्थापन अनुदान कार्यक्रमको लागी शसर्त अनुदान बाट उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले सम्पुर्ण विद्यालयलाई शसर्त अनुदान उपलब्ध गराएको अवस्थामा उक्त खर्चको विश्लेषण नगरी सामूदायिक विद्यालय र गाउपालिका वाट स्थापित वालविकास केन्द्र सञ्चालानर्थ प्राप्त अनुदान अपुग भनी वाल विकासमा प्रति विद्यालय रु ७५००, आधारभूत विद्यालय (०-३) विद्यालय लाई रु १००००, आधारभुत विद्यालय (०-५) लाई रु १२०००, आधारभूत विद्यालय (०-८) लाई रु १५०००, माध्यमिक विद्यालय (०-५१०) लाई रु १८०००, र माध्यमिक विद्यालय (०-१२) लाई रु २५००० का दरले प्रतिविद्यालय दिने गरी निर्णय गरी गोश्वरा भौचर नं १३९।०८१।७।२७ बाट ३६ विद्यालय लाई रु ५,००,००० अनुदान निकाशा दिएकोमा उक्त खर्चको विल भर्पाई तथा खर्च प्रयोजन नखुलेकोले उक्त खर्चको विल भर्पाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

२५ **पाम्समा दाखिला नभएको**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।७।२० को निर्णयबाट आर्थिक बर्ष २०७७।७८ बाट अनिवार्य रुपमा नेपाल सरकारको तीनै तहका सबै सरकारी कार्यालयहरुले प्रयोग गर्न सक्ने गरी सरकारी सम्पतिको लेखाङ्कन र प्रतिवेदन तयार गर्न सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) लागू हुने गरेको छ । सो मिति पश्चात भएका जिन्सी सम्बन्धी भुक्तानीमा अनिवार्य पाम्समा अभिलेख पश्चात भुक्तानी हुनेमा पालिकाले वडा कार्यालयको लागी खरिद भएका समानहरु पाम्समा दाखिला नगरी भुक्तानी दिएकोले सोको पाम्समा दाखिला गर्नुपर्दछ ।

| गोश्वारा भौचर | खरिद सामाग्री | रु |
|---|---|---|
| ४७।०८१।६।२० | विभिन्न प्रकारका कार्यालय सामाग्री | ५४७५० |
| १६७।४८१।८।२० | विभिन्न प्रकारका कार्यालय सामाग्री | ८४३२० |
| २१८।०८१।९।९ | विभिन्न प्रकारका स्टेशनरी सामाग्री | ३८५६० |
| २८७।०८१।१०।३ | विभिन्न प्रकारका मसलन्द सामाग्री | ८७७२५ |
| ३३१।०८१।१०।२४ | विभिन्न प्रकारका स्टेशनरी सामाग्री | ९९०४० |
| ३५५।०८१।११।०८ | विभिन्न प्रकारका स्टेशनरी सामाग्री | ५५९५० |
| ३५०।०८१।११।८ | विभिन्न प्रकारका स्टेशनरी सामाग्री | ९१२०० |

२६ **स्वयंसेविकालाई अतिरिक्त सुविधा भुक्तानी**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो आन्तरिक आयको विचार गरी कानूनी व्यवस्था गरेर मात्र कुनै पनि सेवा सुविधा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले स्वयंसेवकको रुपमा कार्य गर्ने महिला स्यंवसेविकाहरुलाई दिर्घकालिन रुपमा पालिकालाई आर्थिक व्ययभार पर्ने कुराको अध्ययन तथा विश्लेषण नगरीकनै तथा कार्यविधि तयार नगरिकनै २३ जना महिला स्वंयसेविकालाई यातायात खर्च वापत वार्षिक रु ३६००० को दरले रु. ८,२८,००० भुक्तानी गरी बढि व्ययभार पारेको देखियो।यस्तो

दिर्घकालिन रुपमा पालिकालाई आर्थिक व्ययभार पर्ने कुराको भुक्तानी गर्दा आन्तरिक आयको समेत विचार गरी कार्यक्रम स्वीकृत गर्नुपर्दछ।आन्तरिक आयले नधान्ने यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

२७ **लागत अनुमान तयार नगरी खरिद कार्य**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले रु १ लाख भन्दा वढीको खरिदको लागी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । नमुना परीक्षण गर्दा देहायवमोजिमको सवारी साधन मर्मत गर्दा लागत अनुमान नगरी मर्मत गरेको पाइयो । कानूनले तोकेको सिमा भन्दा वढीको खरिद कार्य गर्दा लागत अनुमान तयार नगरी खरिद गरेको नियम सम्मत देखिएन ।

| गोश्वा भौचर | खरिद सामाग्री | सप्लायर्स | खरिद रु |
|---|---|---|---|
| २०३।०८१।९।०५ | एक्सरे वक्की टेवल खरिद | मेडिसेल्स इन्टरनेशनल प्रा ली | २५०००० |
| २५३।०८१।९।२५ | आयुर्वेदिक औषधी खरिद | अनन्तदृष्टी आयुर्वेदिक भवन सप्लायर्स | २९९२०० |
| २८०।०८१।१०।३ | कृषक कार्ड, प्रमाण पत्र, रजिष्ट्रर लगायत छपाई खरिद | न्यु भिजन सप्लायर्स | १७४२४६ |
| २७९।०८१।१०।३ | नीति तथा कार्यक्रम छपाई | न्यु भिजन सप्लायर्स | १४६३३५ |
| | | जम्मा रु | ८,६९,७८१ |

२८ **फरक शिर्षक वाट खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) बमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । जस अनुसार जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकबाट बजेट खर्च लेख्नु पर्नेमा पालिकाले निम्नानुसार फरक शिर्षकबाट खर्च गरेको देखिएकोले उपरोक्त नियम बमोजिम अनियमित देखिएको रु.

| गोश्वार भौचर | खर्च प्रयोजन | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रु |
|---|---|---|---|---|
| ३३।०८१।६।१८ | दैनिक भ्रमण भत्ता | अनुगमन मूल्यांकन तथा दैनिक भ्रमण भत्ता | मसलन्द तथा कार्यालय सामाग्री | १९८०६ |
| ४८।०८१।६।२० | दैनिक भ्रमण भत्ता | अनुगमन मूल्यांकन तथा दैनिक भ्रमण भत्ता | मसलन्द तथा कार्यालय सामाग्री | २१८७३ |
| १०८।०८१।६।२२ | सडक सरसफाई ज्यालादारी भुक्तानी | सरसफाई तथा ज्यालादारी पारीश्रमिक | मसलन्द तथा कार्यालय सामाग्री | ६८४०० |
| १६७।०८१।८।२० | वैठक भत्ता | वैठक भत्ता | मसलन्द तथा कार्यालय सामाग्री | ३०००० |
| | खाजा खाना लगायत विविध खर्च | विविध खर्च | मसलन्द तथा कार्यालय सामाग्री | ५०५९० |
| २१८।०८१।९।०९ | बैठक भत्ता | वैठक भत्ता | मसलन्द तथा कार्यालय सामाग्री | २४००० |
| | खाजा खर्च | विविध खर्च | मसलन्द तथा कार्यालय सामाग्री | ४१०७० |
| | विविध खर्च | विविध खर्च | मसलन्द तथा कार्यालय सामाग्री | ४८९६६ |
| | दैनिक भ्रमण खर्च | अनुगमन मूल्यांकन तथा भ्रमण खर्च | मसलन्द तथा कार्यालय सामाग्री | ५८४०० |
| २८७।०८१।१०।३ | वैठक भत्ता | वैठक भत्ता | मसलन्द तथा कार्यालय सामाग्री | २४००० |
| | अनुगमन तथा भ्रमण भत्ता | अनुगमन मूल्यांकन तथा भ्रमण खर्च | मसलन्द तथा कार्यालय सामाग्री | २२३०० |
| | खाजा खाना विविध | विविध खर्च | मसलन्द तथा कार्यालय सामाग्री | ५४४५० |
| ३३१।०८१।१०।२४ | वैठक भत्ता | वैठक भत्ता | मसलन्द तथा कार्यालय सामाग्री | ३६००० |
| | खाजा खाना | विविध खर्च | मसलन्द तथा कार्यालय सामाग्री | ६३५५० |
| | दैनिक भ्रमण खर्च | अनुगमन मूल्यांकन तथा भ्रमण खर्च | मसलन्द तथा कार्यालय सामाग्री | ४१९५० |
| | विविध खर्च | विविध खर्च | मसलन्द तथा कार्यालय सामाग्री | ५४९७० |
| ३५५।०८१।११।०८ | दैनिक भ्रमण खर्च | अनुगमन मूल्यांकन तथा भ्रमण खर्च | मसलन्द तथा कार्यालय सामाग्री | १८६५० |
| | विविध खर्च | विविध खर्च | मसलन्द तथा कार्यालय सामाग्री | ४९०१० |
| ७३९।०८२।३।२३ | ज्यलदारी कर्मचारीको पारीश्रमिक | ज्यालदारी कर्मचारीको पारीश्रमिक | कार्य सम्पादनमा आधारित अतिरक्त समय भत्ता | ८,२६,००० |
| | | | जम्मा रु | १५,५३,९८५ |

| | |
|---|---|
| अनियमित भएको | १५,५३,९८५ |

२९ **घर भाडा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ मा काठमाण्डौं उपत्यका वाहिर वार्षिक ५ लाख रुपैँया भन्दी वढी भाडा भुक्तानी गर्नुपर्ने भएमा सुचना टास गरी प्रश्ताव माग गरी घर जग्गा भाडा समितिले निर्धारण गरेवमोजिम लिनु पर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले देहायवमोजिमको घर धनी वाट प्रशासनिक तथा आवास प्रयोजनको लागी वार्षिक विगत बर्ष देखि रु १२,६७,०८० को घर भाडा भुक्तानी गरेकोले यस्तो कार्य नियन्त्रण गरिनुपर्दछ।

| घरधनी | ठेगाना | मासिक भाडा | वार्षिक भुक्तानी रु |
|---|---|---|---|
| आत्मा श्रेष्ठ | गल्छी गाँउपालिका वडा नं ६ | ८८०० | १०५६०० |
| वलराम रिमाल | गल्छी गाँउपालिका वडा नं ६ | ३०२५० | ३६३००० |
| बुद्धि प्रसाद रिमाल | गल्छी गाँउपालिका वडा नं ६ | ३३००० | ३९६००० |
| सभद्रा नेपाल | गल्छी गाँउपालिका वडा नं ६ | ४५०० | ५४००० |
| हरी बहादुर ठकुरी | गल्छी गाँउपालिका वडा नं ६ | २९०४० | ३४८४८० |
| | | १,०५,५९० | १२,६७,०८० |

३० **दिवा खाजा प्रोत्साहन**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४, उपनियम (२)मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था रहेको छ त्यस्तै विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को वुदा नं ४.१ मा विद्यालयको शिक्षकको तलव भत्ता, लगायत विद्यालय व्यवस्थापन अनुदान कार्यक्रमको लागी शसर्त अनुदान बाट उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले सम्पुर्ण विद्यालयलाई शसर्त अनुदान उपलब्ध गराएको अवस्थामा उक्त खर्चको विश्लेषण नगरी सामूदायिक विद्यालयमा दिवाखाजा भान्से व्यवस्थापन गर्न भान्से लाइ प्रोत्साहन स्वरुप ५० जना भन्दा कम विद्यार्थी भएको विद्यालयमा प्रति दिन ५० का दरले, ५० र सो भन्दा माथी ७४ जना सम्म प्रतिदिन रु. १००, ७५ र सोभन्दा माथी १२५ सम्म प्रतिदिन रु. १५०, १२५ र सोभन्दा माथि २४९ सम्म प्रतिदिन रु. २०० र २५० भन्दा माथी विद्यार्थी भएका विद्यालयमा प्रतिदिन रु. २५० दिने गरी अध्यक्ष स्तरिय निर्णय वाट ३५ विद्यालयमा रु ६४२९०० निकाशा भएको छ । पालिकाले खर्च भुक्तानी दिदाँ मितव्ययिता कायम गर्नुपर्दछ ।

३१ **वैठक भत्ता**

प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को वुदा नं ३ (ग) मा कानून वमोजिम गठित समिती वाहेक एउटै निकायको पदाधिकारी वा कर्मचारी मात्र सम्मिलित वैठकमा भत्ता लिन नपाउने व्यवस्था रहेको छ । नमुना परीक्षण गर्दा पालिकामा करार कर्मचारी नियुक्ती गर्ने, परीक्षा संचालन गर्ने, अन्तर्वाता समिती गठन गर्ने, जस्ता नियमित प्रयोजनको कार्यमा वैठक वसी वैठक भत्ता भुक्तानी भएको छ । यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वरा भौचर | प्रयोजन | वैठकमा सहाभागी संख्या | वैठक संख्या | कर कट्टी पछी भुक्तानी रु |
|---|---|---|---|---|
| ८३।०८१।६।२१ | शिक्षण स्वयंसेवक पदपूर्ती | १३ | ३ देखि २० वटा सम्म | १३७७०० |
| ५१।०८१।६।२० | करार कर्मचारीको नियुक्ती गर्न | १० | १ देखि ५ वटा सम्म | ३३१५० |
| ५४।०८१।६।२० | रोजगार सहायक पदको नियुक्ती गर्न | १० जना | १ देखी ७ वटा | ५७३७५ |

३२ **विद्यालयको निकाशा खाता**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१ को क्रियाकलाप २.७.१३.१० मा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान सम्वन्धमा विभिन्न उप क्रियाकलाप तथा कार्यान्वयन प्रकृयामा उल्लेख भए अनुसारको अनुदान उपलव्ध गराउदा विद्यालयगत निकाशाखाता राखि अभिलेख व्यवस्थित गर्नु पर्दछ । पालिकाले कुन विद्यालयलाई कुन विषयको कति निकासा दिएको हो विद्यालयगत रुपमा निकासाको अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ ।

३३ **अनुदानको अनुगमन**

कृषि तथा पशुपंछी विकास मन्त्रालय द्वारा जारी कृषक समुह सहकारी तथा कृषि उद्धमीहरुका लागी अनुदान व्यवस्थापन कार्यविधि २०८१ परिच्छेद ४ अनुगमन मुल्यांकन् दफा १७(१) अनुसार संचालन गरीएका कार्यक्रम हरुको अनुगमन तथा मुल्यांकनको जिम्मेवारी सम्झौता गर्ने निकायको हुने व्यवस्था छ ।पालिकाद्वारा उपलव्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न समय समयमा अनुगमन गर्नुपर्दछ।पालिकको कृषि पशु शाखावाट तरकारी पकेट कार्यक्रम अन्तरगत साना किसान कृषी सहाकारी कल्लेरी संग सम्झौता गरी ५० अनुदानमा मल विउ मेशिन औजार वजारी करणको लागी प्याकेजिङ्गका सामान ,मिनि ट्रेक्टर आदि तथा लघु उद्धम विकास शाखावाट उच्च शिप विकास तथा सो सँग सम्वन्धित प्रविधि हस्तान्तरण गर्दा पालिकाको ७० अनुदानमा वितरण गरेका विभिन्न समाग्री तथा यत्र उपकरणको सहि उपयोग भए नभएको उपलव्धि मापन गरेको पाईएन ।साथै अनुदानको सम्वन्धमा स्थानिय निति तय भएको पाइएन ।स्थानीय तहवाट वितरणहुने अनुदानमा दोहोरोपना नहुने गरी समन्यायिक तवरले वितरण गरी खर्चको सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्छ । यस वर्ष पालिकावाट वितरीत मालसामान निम्न छन्

| गो भौ र मिति | कार्यक्रम | रकम | सामग्री को विवरण संख्या |
|---|---|---|---|
| १३४। २०८२। २।२० | उच्च शिप विकास तथा प्रविधि हस्तन्तरण | ३९९३१३ | २ एच पि मोटर ५ थान , क्रस कट स ५ थान , पुलि ३० ईन्च ५ थान , वेरीङ्ग सेट ५ थान , फेन वेल्ट ५ थान , चेन स २ थान , छाला सिउने मेशीन १ थान , छाला काट्ने कैचि १ थान अन्य विविध ६ थान |
| १४९। २०८२। २।२७ | तरकारी खेति | ११७१५३५ | सिमिको विउ २००० प्याकेट , भण्टाको विउ ३४० पोका कृषी चुन ८७५० केजी, कम्पोष्ट मल १५ टिपर, मिनि टिलर ७ थान ,जोख्रे तराजु ४ थान , पिपिसेट १४० थान, स्प्रेयर मेशिन ११० थान |
| ४८६। २०८२। १।६ | गाईभैसी सुत्केरी भत्ता | ३५०००० | ८८ जना किसानलाई १ वोरा दाना र १ वोरा ढुटो , १२ जना किसानलाई २ वोरा दाना र २ वोरा ढुटो वितरण |

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार न्यूनतम १०० दिन रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमाकार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत पद मार्गनिर्माण, सडक निर्माण , मंदिर संरक्षण , सिढी तथा नाली मर्मत लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७३ जनालाईऔषत १००दिन रोजगारी उपलव्ध गराई रु २८९३७८६।००खर्च गरेको छ । बेरोजगारमा सूचीकृत मध्ये केवल ६ प्रतिशतमा उक्त खर्चवाट अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

३५ **शैक्षिक गुणस्तरको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ ।पालिकाले आ. व. २०८१।८२ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालय संग देखिएन । विधालयमा शैक्षिक गुणस्तर सुदृढीरकरण एंवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत वागेश्वरी मा वि लाई १००००००, पुस्तकालय तथा ल्याव स्थापना तथा फर्निचरको लागी जनकल्याण मा वि लाई ६५००००, ल्याव स्थापनाको लागी अन्नपुर्ण मा वि लाई ६५००००, शैक्षिक सुदृढीकरण कार्यसम्पादन प्रोत्साहन को लागी जन कल्याण मा वि लाई रु ३००००० र वालकुमारी आ वी लाई २००००० साथै शैक्षिक पहुच अनुदान अर्तरगत गोगनपानी , वैरेनी तथा कल्लेरी सामुदायिक सिकाई (सामाजिक परिचालकको तवल वाहेक ) केन्द्रलाई पञ्चेवाजा खरिद र अभिभावक शिक्षा अनुदान रु ७१०००० वितरण गरेको छ । कार्यक्रमको लक्ष्य अनुसार

उपलब्धि प्राप्त भए नभएको मापन गरी आफ्नो अन्तरगतका सिकाई केन्द्र तथा विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

३६ **पाम्स दाखिदा नभएको**

